# खानेपानी सेवा संचालन सम्बन्धी निर्देशिका, २०६९

**प्रस्तावना :-** खानेपानी सेवा उपलब्ध गराउने सेवाप्रदायकद्वारा संचालन गरिएका खानेपानी सेवाको अनुगमन, मूल्यांकन, सुपरिवेक्षण, नियमन एवं समन्वय गर्दै त्यस्तो सेवा संचालनमा गुणस्तरीयता, नियमितता, पारदर्शिता एवं जवाफदेहिता कायम गरी खानेपानी सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो एवं सर्वसुलभ बनाउन आवश्यक भएकोले

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको संक्षिप्त नाम " खानेपानी सेवा संचालन सम्बन्धी निर्देशिका, २०६९" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

क) "विभाग" भन्नाले खानेपानी तथा ढल निकास विभाग सम्झनुपर्दछ ।

ख) "सेवाप्रदायक" भन्नाले खानेपानी प्रणालीबाट उपलब्ध हुने खानेपानी सेवाको संचालन गर्ने उपभोक्ता सस्था, स्थानिय निकाय, निजि सन्चालक वा अन्य यस्तै संघ, संस्था,वा निकायलाई सम्झनुपर्दछ ।

ग) "स्थानिय निकाय" भन्नाले जिल्ला विकास समिति, नगरपालिका वा गाउँ विकास समिति सम्झनुपर्दछ ।

घ) "खानेपानी प्रणाली" भन्नाले कम्तीमा पचासवटा धारा मार्फत सेवा उपलब्ध गराउने सार्वजनिक प्रकृतिका खानेपानी प्रणाली सम्झनुपर्दछ ।

ङ) "ग्राहक" भन्नाले खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने उपभोक्ता सम्झनुपर्दछ ।

**३. सेवाप्रदायकको काम कारवाहीको अनुगमन गर्ने :** खानेपानी सेवा संचालन सम्बन्धमा सेवाप्रदायकले गरेका कामकारवाहीको निरीक्षण, अनुगमन, मूल्यांकन एवं सुपरिवेक्षण गरी सेवाप्रदायकलाई आवश्यकतानुसार निर्देशन एवं सुझाव दिने तथा त्यस्ता सेवाप्रदायकको कामकारवाहीमा आवश्यक समन्वय गर्ने समेतका कार्यहरु विभागले गर्नेछ ।

**४. विभागको काम, कर्तव्य र अधिकार :** विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) सेवाप्रदायकका कामकारवाहीहरुको नियमित रुपमा निरीक्षण, अनुगमन, मूल्यांकन, सुपरिवेक्षण एवं नियमन गर्ने, गराउने ,

ख) खानेपानी प्रणालीको नियमित रुपमा मर्मत संभार भए नभएको जाँच गर्ने, गराउने,

ग) सेवाप्रदायकले आफ्नो विधानमा व्यवस्था भए बमोजिम कार्यकारी समितिको आवधिक निर्वाचन एवं वार्षिक लेखापरिक्षण गरे नगरेको सम्बन्धमा जाँचबुझ गरी त्यस्ता कार्यहरु नियमपूर्वक नगरिएको भए गर्न गराउन सम्बन्धित सेवाप्रदायकलाई निर्देशन दिने,

घ) सेवाप्रदायकले ग्राहकबाट असूल उपर गरी लिएको महशुल रकमको उपयोग के कसरी भइरहेको छ सोको बारेमा जानकारी लिई आवश्यक निर्देशन एवं सुझावहरु दिने,

ङ) सेवाप्रदायकले आफ्नो विधान, प्रचलित कानून, नेपाल सरकारको नीति निर्णय एवं विभागले दिएका निर्देशन एवं सुझावहरु बमोजिम कार्य संचालन गरे नगरेको सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको लागि आवश्यकतानुसार निर्देशन दिने,

च) खानेपानी सेवालाई चुस्त, दुरुस्त, प्रभावकारी एवं गुणस्तरीय बनाउने प्रयोजनको लागि उपयुक्त विषयहरुमा सेवाप्रदायकलाई आवश्यक निर्देशन दिने,

छ) खानेपानी प्रणालीबाट उपलब्ध सेवाको स्तरीयता अभिवृद्धिका लागि सेवाप्रदायकले बनाएको अल्पकालिन एवं दीर्घकालिन योजना सम्वन्धमा आबश्यक सुझाव वा निर्देशन दिने,

ज) सेवाप्रदायकको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,

झ) वर्ष भरिमा सेवा प्रदायकको काम कारवाहीको बारेमा यस निर्देशिका बमोजिम आफूले गरेको काम कारवाहीको बारेमा प्रतिवेदन तयार गर्ने ।

ञ) सेवाप्रदायकबाट समय समयमा माग भएका प्राविधिक एवं व्यवस्थापिकिय विषयमा आवश्यक सहयोग, सल्लाह एवं सुझाव दिने,

५. **<u>आवधिक निर्वाचन गराउनुपर्ने :</u>** (१) प्रत्येक सेवाप्रदायकले आ-आफ्नो विधानमा उल्लेख भए बमोजिम तोकिएको समयभित्र कार्यकारी समितिको आवधिक निर्वाचन अनिवार्य रुपमा गराई त्यसको जानकारी निर्वाचन सम्पन्न भएको मितिले तीस दिनभित्र विभागमा पठाउनुपर्नेछ ।

(२) विभागले सेवाप्रदायकको निरिक्षण गर्दा उपदफा (१) बमोजिम सेवाप्रदायकले आफ्नो विधान बमोजिम आवधिक निर्वाचन नगराई पदावधि समाप्त भए पश्चात् पनि पुरानै कार्यकारी समितिले कार्य गरिरहेको पाएमा त्यस्तो सेवाप्रदायकलाई निश्चित अवधि तोकि त्यस्तो अवधिभित्र निर्वाचन गराउनको लागि निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्वाचन गराउनको लागि विभागले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सेवाप्रदायकको कर्तव्य हुनेछ ।

६. **लेखापरिक्षण गराउनुपर्ने** : (१) प्रत्येक सेवाप्रदायकले आफनो विधानमा व्यवस्था भए बमोजिम आफ्नो आर्थिक कारोबारको वार्षिक लेखापरिक्षण अनिवार्य रुपमा गराउनुपर्नेछ ।

(२) सेवाप्रदायकले उपदफा (१) बमोजिम सम्पन्न गरेको वार्षिक लेखापरिक्षण प्रतिवेदन साधारण सभावाट अनुमोदन गराई त्यसरी अनुमोदन भएको मितिले तीस दिन भित्र एकप्रति विभागमा पठाउनुपर्नेछ ।

(३) यस दफा बमोजिम तोकिएको समयभित्रै वार्षिक लेखापरिक्षण नगराउने सेवाप्रदायकलाई विभागले निश्चित समयावधि तोकि लेखापरिक्षण गराउन निर्देशन दिन सक्नेछ ।

७. **सम्पत्तिको व्यवस्थापन तथा संरक्षण गर्नुपर्ने :** (१) सेवाप्रदायकले खानेपानी वितरण प्रणालीसंग सम्बद्ध सबै प्रकारका सम्पत्तिको व्यवस्थापन तथा संरक्षण गर्नुपर्नेछ ।

(२) सेवाप्रदायकले खानेपानी वितरण प्रणालीमा प्रयोग भएका जुनसुकै प्रकारका सम्पत्ति मास्न, नष्ट गर्न, कसैलाई हस्तान्तरण गर्न, अन्य प्रयोजनको लागि प्रयोग गर्न वा अन्य कसैलाई बिकी वितरण गर्न पाउने छैन ।

(३) सेवाप्रदायकले उपदफा (२) विपरीत हुने गरी कुनै काम कारवाही गरेको पाइएमा विभागले सुधार गर्नको लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

८. **खानेपानी वितरण प्रणालीको संरचनामा परिवर्तन गर्न नहुने :** (१) सेवाप्रदायकले विभागको पूर्व स्वीकृति बिना खानेपानी वितरण प्रणालीको स्वीकृत डिजाइन, नक्सा, स्थान लगाायतका संरचनाहरुमा परिवर्तन, थपघट वा विस्तार गन पाउने छैन ।

(२) अन्य कुनै संघ, संस्था वा निकायले खानेपानी वितरण प्रणालीको कुनै संरचना विस्तार गर्न चाहेमा त्यस्तो संघ, संस्था वा निकाय वा सम्बन्धित सेवाप्रदायकले विभागको पूर्व स्वीकृति लिनुपर्नेछ ।

९. **महसुल तथा जडान शुल्क सम्बन्धी व्यवस्था :** (१) सेवाप्रदायकले खानेपानी सेवा उपलब्ध गराए वापत ग्राहकसंग लिने  महसुल तथा जडान शुल्क सम्बन्धी विवरणको जानकारी विभागमा पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको महसुल तथा जडान शुल्क सम्बन्धी विवरणमा सारभूत रुपमा परिवर्तन गर्न आवश्यक देखेमा विभागले पुनरावलोकन गर्नको लागि सम्बन्धित सेवाप्रदायकलाई मार्ग निर्देशन गर्न सक्नेछ ।

१०. **अनुगमन एवं निरिक्षण गर्न सक्ने :** (१) विभागले जुनसुकै वखत सेवाप्रदायकको कामकारवाहीको अनुगमन एवं निरिक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ । तर यस्तो अनुगमन एवं निरीक्षण वर्षको कम्तीमा एकपटक अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन एवं निरीक्षण गर्ने सिलासिलामा विभागले सेवाप्रदायकको आर्थिक एवं प्रशासनिक कामकारवाही सम्बन्धी कागजातहरुको अध्ययन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विभागले अनुगमन एवं निरिक्षण गर्दा कुनै अनियमितता रहेको पाएमा विषयवस्तुको गाम्भीर्यता हेरी त्रुटि सच्चाउन निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिम अनुगमन एवं निरिक्षण गर्ने सिलसिलामा विभागले मागेका विवरणहरु

उपलब्ध गराउनु सेवा प्रदायकको कर्तव्य हुनेछ ।

११. **सेवा सुविधा कटौती गर्न सक्ने :** यस निर्देशिका बमोजिम विभागले दिएको निर्देशिन कार्यान्वयन नगर्ने वा आफ्नो विधान बमोजिम कार्य संचालन नगर्ने सेवाप्रदायकलाई नेपाल सरकारबाट उपलब्ध गराइने कुनै पनि प्रकारको सेवा सुविधा कटौती गर्न सकिनेछ ।

१२. **सेवाप्रदायक संस्थाको दर्ता तथा नविकरण सम्बन्धी व्यवस्था :** (१) प्रत्येक सेवाप्रदायक संस्था प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको सेवाप्रदायक संस्थाले प्रचलित कानूनमा व्यवस्था भए बमोजिम नविकरण गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दर्ता नगराई वा उपदफा (२) बमोजिम नविकरण नगराई खानेपानी सेवा संचालन गर्ने सेवाप्रदायक संस्थालाई विभागले तीस दिन भित्र दर्ता वा नविकरण गर्नको लागि निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम विभागले तोकेको अवधिभित्र दर्ता वा नविकरण नगर्ने सेवाप्रदायक संस्था उपर प्रचलित कानून बमोजिम आवश्यक कारवाहीको लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

१३. **खानेपानी सेवा उपलब्ध गराउदा समान व्यवहार गर्नु पर्ने :** (१) सेवाप्रदायकले खानेपानी सेवा उपलब्ध गराउदा जात, धर्म, वर्ण, लिङ्ग वा राजनैतिक आस्थाका आधारमा विभेद नगरी सबैलाई समान रुपमा खानेपानी सेवा प्राप्त गर्ने अवसर सुनिश्चित गर्नुपर्नेछ ।

(२) कुनै सेवाप्रदायकले उपदफा (१) विपरीत हुने गरी खानेपानी सेवा उपलब्ध गराउदा समान व्यवहार गरेको देखिन नआएमा विभागले विना पूर्वाग्रह समान ढंगबाट सबैलाई खानेपानी सेवा उपलब्ध गराउन सम्बन्धित सेवाप्रदायकलाई निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विभागले दिएको निर्देशन बमोजिम गर्नु सम्बन्धित सेवाप्रदायकको कर्तव्य हुनेछ ।

**१४. <u>विपन्न वर्गको पहुंच सुनिश्चित गर्नुपर्ने :</u>** (१) सेवाप्रदायकले उपलब्ध गराएको खानेपानी सेवामा विपन्न वर्गको पहुंच सुनिश्चित हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विपन्न वर्गको पहुंच सुनिश्चित गर्नको लागि सेवाप्रदायकले त्यस्तो विपन्न वर्गले तिर्न बुझाउन सक्ने गरी उपयुक्त महसुल दर निर्धारण गनुपर्नेछ ।

(३) सेवाप्रदायकले खानेपानी सेवा उपलब्ध गराउदा विपन्न वर्गको पहुंच सुनिश्चित भए नभएको सम्बन्धमा विभागले अनुगमन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम विभागले अनुगमन गर्दा सेवाप्रदायकले उपलब्ध गराएको खानेपानी सेवामा विपन्न वर्गको पहुंच सुनिश्चित भएको नदेखेमा त्यस्तो वर्गको सहज पहुंच हुने गरी खानेपानी सेवा उपलब्ध गराउन सम्बन्धित सेवाप्रदायकलाई विभागले आवश्यक निर्देशन दिन सक्नेछ ।

**१५.<u>कार्यविधि बनाउन सक्ने :</u>** यस  निर्देशिकाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि विभागले यस निर्देशिकाको अधिनमा रहि आफु मातहतका निकाय वा सेवाप्रदायकले गर्नु पर्ने काम ,कर्तव्य र अधिकार समेत उल्लेख भएको उपयूक्त कार्यविधि बनाई सो बमोजिम गर्न गराउन सम्वन्धित निकाय वा सेवाप्रदायकलाई निर्देशन दिन सक्ने छ ।

**१६. <u>प्रतिवेदन पेश गर्नुपर्ने :</u>** (१) प्रत्येक सेवाप्रदायकले वर्षभरिमा आफूले गरेका सम्पूर्ण कामकारवाहीहरु उल्लेख गरी अद्यावधिक विवरण सहितको वार्षिक प्रतिवेदन विभागले तोकेको ढाँचामा आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र विभागमा पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त देहायका विषयहरु समावेश भएको हुनुपर्नेछ ।

(क) ग्राहक संख्या

(ख) महसुल दर

(ग) खानेपानी प्रणालीको क्षेत्र भित्रको सरसफाईको अवस्था

(घ) आम्दानी र खर्चको विस्तृत विवरण

(ङ) वार्षिक साधारण सभाको निर्णय

(च) खानेपानी प्रणालीसंग सम्बन्धित संरचनाहरुको अवस्था

(छ) खानेपानी प्रणालीसंग सम्बन्धित संरचनामा थपघट, परिवर्तन वा विस्तार भएको भए सो सम्बन्धी विवरण

(ज) खानेपानी प्रणालीको मर्मत संभारको अवस्था

(झ) विभागले वार्षिक प्रतिवेदनमा समावेश गर्न समय समयमा निर्देशन दिएका विषय सम्बन्धी अन्य विवरण

(३) विभागले आवश्यकतानुसार सेवाप्रदायकसंग आवधिक प्रतिवेदनहरु माग गर्न सक्नेछ ।

**१८ <u>सार्वजनिक सूचना जारी गर्न सक्ने</u> :** विभागले यस निर्देशिका बमोजिम सेवा प्रदायकलाई दिएको निर्देशनका सम्वन्धमा आवश्यकता अनुसार आमसञ्चारको माध्यमद्धारासम्वन्धित सरोकारवालालाई जानकारी गराउन सक्नेछ ।

**१९. <u>अमान्य हुने</u>** : यस निर्देशिकामा उल्लेखित कुनै व्यवस्थाहरु प्रचलित कानूनसँग बाझिएमा

बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**२०.<u>अधिकार प्रत्यायोजन</u> :** यस निर्देशिका बमोजिम विभागले आफूले प्राप्त गरेका सबै वा केही काम, कर्तव्य र अधिकारहरु आफू मातहतका कार्यालयले प्रयाग र पालना गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।